# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) बुटवल, रूपन्देही, साउन २८ गते, २०७५ साल (अतिरिक्ताङ्क १३

# भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको ऐन नं. दो. अ. ७

**मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**<u>प्रस्तावना</u>** : नेपालको संविधानको धारा १६० बमोजिम नियुक्त भएका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र पारिश्रमिक सेवाको शर्त र सुविधा सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रदेश नं. ५ मा लागु हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम मुद्दाको कारवाही र किनारा गर्न अधिकार प्राप्त अन्य अदालत समेतलाई जनाउनेछ।

(ख) "न्यायाधिवक्ता" भन्नाले प्रदेशभित्र रहेका महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका सह न्यायाधिवक्ता, उप न्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता सम्झनु पर्छ र सो शब्दले न्यायाधिवक्ता भई काम गर्न तोकेको अन्य कर्मचारीलाई समेत जनाउनेछ ।

(ग) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची – ४ बमोजिमको प्रदेश नं.५ सम्झनु पर्छ ।

(घ) "महान्यायाधिवक्ता" भन्नाले नेपालको संविधानको धारा १५७ को उपधारा (२) बमोजिम नियुक्त महान्यायाधिवक्ता सम्झनु पर्छ ।

(ङ) "मुख्य न्यायाधिवक्ता" भन्नाले नेपालको संविधानको धारा १६० को उपधारा (२) बमोजिम नियुक्त मुख्य न्यायाधिवक्ता सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. **<u>मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना</u>** : (१) प्रदेशको राजधानी रहेको स्थानमा मुख्य न्यायाधिक्ताको कार्यालय स्थापना हुनेछ ।

(२) प्रदेशभित्र रहेका जिल्ला सरकारी वकील कार्यालयहरु र उच्च सरकारी वकिल कार्यालयले मुख्य न्यायाधिवक्ता कार्यालयको समन्वयमा रही संविधानको धारा १६२ र २१४ अनुसार प्रदेश सरकार र स्थानीय सरकारको कार्यभार पुरा गर्ने कार्यमा सहयोग पुऱ्याउने कर्तव्य र दायित्व हुनेछ।

(३) प्रदेशभित्र रहेका जिल्ला सरकारी वकील कार्यालयहरु र उच्च सरकारी वकील कार्यालयहरु अपराध अनुसन्धान गर्ने अन्य निकायहरुले मुख्य न्यायाधिवक्ताको कार्यालयसंग समन्वय गरी आफ्नो कार्य सम्पादन गर्ने छन्।

४. **<u>मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार</u>** : (१) नेपालको संविधानको धारा १६० को उपधारा (५) र (७) मा उल्लखित काम, कर्तव्य र अधिकारका साथै मुख्य न्यायाधिवक्ताको देहायका काम, कर्तव्य र अधिकार हुनेछः-

(क) प्रदेश सरकार वादी वा प्रतिवादी भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालत वा न्यायिक

निकायमा प्रदेश सरकारको नामबाट मुद्दा दायर गर्ने तथा सम्बन्धित अदालतमा उपस्थित भई प्रतिरक्षा गर्ने, गराउने,

(ख) प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न, गराउन प्रदेशको मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

(ग) प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष राय सुझाव पेश गर्ने,

(घ) प्रदेश सरकारका मन्त्रालय, सचिवालय र सो अन्तर्गतका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी लिखतमा स्तर कायम गर्न कार्यालयहरुबीच आवश्यक समन्वय गर्ने,

(ङ) प्रदेशभित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गरी थुनुवाहरु उपर मानवोचित व्यवहार नभएको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

(२) जिल्ला सरकारी वकिल कार्यालयहरु र उच्च सरकारी वकिल कार्यालयहरुले आफुले गरेको कामको प्रतिवेदन मुख्य न्यायाधिवक्ताको कार्यालयमा पेश गर्नुपर्नेछ।

(३) मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको हक हित निहित रहेको मुद्दामा अभियोगपत्र तयार गर्ने कार्यमा सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा विभागिय अधिकारीलाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

(४) प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा अन्य न्यायाधिवक्तालाई प्रतिनिधित्व गर्न खटाउन सक्नेछ ।

(५) कुनै अदालत वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(६) प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हकहित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित विपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारवाही विरुद्ध उजूर गर्न कानूनले कुनै अधिकारी तोकिएको

रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैंले वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा काम कारवाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ ।

(७) मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको हकहित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(८) मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा सोको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्वन्धमा राय व्यक्त गर्न सक्नेछ ।

(९) सरकारवादी हुने मुद्दाको अनुसन्धान प्रकृया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरीका वा बिधि अपनाउनु पर्ने वा अनुसन्धानका सम्बन्धमा अन्य निर्देशन दिन उपयुक्त देखेमा अनुसन्धान तहकिकात गर्ने अधिकारी वा जिल्ला सरकारी वकिल कार्यालयहरु वा उच्च सरकारी वकिल कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(१०) कुनै गम्भीर वा सार्वजनिक महत्वको वा प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको न्यायाधिवक्ताको अतिरिक्त अन्य न्यायाधिवक्ता वा अन्य कानून व्यवसायी खटाई मुद्दा दायर गर्न, अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न सक्नेछ।

(११) महान्यायाधिवक्ताको परामर्श र समन्वयमा उच्च सरकारी वकिलको कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालयको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(१२) उपदफा (१०) बमोजिमको निर्देशनको पालना गर्नु महान्याधिवक्ताले अन्यथा आदेश दिएमा बाहेक सम्बन्धित अधिकारीको कर्तव्य हुनेछ ।

(१३) मुख्य न्यायाधिवक्ताले आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार मातहतका अन्य न्यायाधिवक्तालाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१४) अनुसन्धानको क्रममा रहेको कुनै सरकारवादी मुद्दा नचलाउने वा फिर्ता लिनु पर्ने मनासिब वा पर्याप्त आधार देखिएमा त्यस्तो निर्णय लिदा मुख्य न्यायाधिवक्ताको राय लिनसकिने छ।

(१५) मुख्य न्यायाधिवक्ताले आफ्नो पदिय दायित्व पुरा गर्ने क्रममा प्रदेश सरकारका तर्फबाट कुनै मातहत निकाय वा कार्यालयलाई दिएको राय वा निजले आफ्नो कर्तव्यको पालना गर्ने सिलसिलामा व्यक्त गरेको रायलाई लिएर निज उपर कुनै मुद्दा चलाउन पाइने छैन।

**५.** **<u>सहयोग गर्नुपर्ने</u>** : (१) प्रदेश सरकार वादी भएको मुद्दा वा प्रदेश सरकारलाई सरोकार पर्ने अन्य कुनै मुद्दा कुनै अदालत वा निकायमा विचाराधीन रहेको अवस्थामा वा मुद्दा दायर गर्नुपर्ने देखिएमा साक्षी प्रमाण जुटाउने लगायतका काममा प्रदेश स्थित सम्बन्धित मन्त्रालय वा निकायले मुद्दाको वस्तुस्थिति बुझेको कर्मचारी खटाई सहयोग गर्नु पर्नेछ ।

(२) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाईल वा कागजात मुख्य न्यायाधिवक्ता वा अन्य न्यायाधिवक्ताको कार्यालयबाट माग भई आएमा प्रदेशका सम्बन्धित मन्त्रालय, सचिवालय वा कार्यालयका कार्यालय प्रमुखले यथाशीघ्र पठाउनु पर्नेछ ।

**६.** **<u>लिखित जवाफ पेश गर्नुपर्ने</u>** : प्रदेश सरकार र सो अन्तर्गतका निकायहरुले अदालत वा न्यायिक निकायहरुमा निवेदन, लिखित जवाफ, प्रतिउत्तर,

पुनरावेदन आदि पेश गर्दा मुख्य न्यायाधिवक्ताको कार्यालय वा सोसँग सम्वन्धित न्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी पेश गर्नु पर्नेछ ।

७. **<u>कानूनी राय माग गर्दा पुऱ्याउनु पर्ने रीत</u>** : (१) प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले वा प्रदेश सरकार वा प्रदेश सरकार मातहतका कार्यालयहरुले कुनै संवैधानिक वा कानूनी प्रश्नमा मुख्य न्यायाधिवक्ता वा अन्य न्यायाधिवक्तासँग राय माग गर्दा देहाय बमोजिमको रीत पूरा गरेको हुनु पर्नेछः-

(क) जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग गर्ने कार्यालय वा अधिकारीलाई भएको हुनु पर्नेछ,

(ख) जुन विषयमा राय माग गरिएको हो सोसँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको हुनु पर्नेछ,

(ग) राय मागिएको विषयमा स्पष्टरुपमा संवैधानिक वा कानूनी प्रश्न उल्लेख गरिएको हुनु पर्नेछ,

(घ) जुन विषयमा राय मागिएको हो सो विषयमा अन्य कुनै कार्यालय वा अधिकारीको समेत राय लिनु पर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नुपर्ने भएमा सो सवै प्रक्रिया पूरा गरी राय मागिएको हुनु पर्नेछ,

(ङ) जुन विषयमा राय माग गरिएको हो सो विभागीय राय सहित सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राय माग गरिएको विषय र राय दिएको विषय गोप्य रहनेछ ।

८. **<u>बहस व्यवस्थापन</u>** : (१) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा मुख्य न्यायाधिवक्ताले कुनै विशेष लिखित निर्देशन दिएको रहेछ भने सोको अधीनमा रही अन्य न्यायाधिवक्ताले व्यावसायिक आचरणको पालना गरी मुद्दामा बहस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बहस पैरवी गरेको कारणलाई मात्र आधार लिई अन्य न्यायाधिवक्ता उपर कुनै कारबाही गरिने वा गाली बेइज्जती मुद्दा चलाइने छैन ।

९. **<u>कारबाहीको लागि लेखी पठाउने</u>** : प्रदेश सरकारको हकहित र सरोकार रहेको मुद्दामा कुनै अधिकारीले लापरवाही वा बदनियतसाथ काम गरेको वा संलग्न वा उल्लेख गर्नु पर्ने उपलब्ध प्रमाण वा सवुत संलग्न वा उल्लेख नगरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा मुख्य न्यायाधिवक्ताले त्यस्तो अधिकारीलाई निजको सेवा शर्तसम्बन्धी कानूनबमोजिम विभागीय कारवाहीको लागि महान्यायाधिवक्ता समक्ष लेखी पठाउनेछ ।

१०. **<u>निर्देशन पालना गर्नु पर्ने</u>** : (१) महान्यायाधिवक्ताले मुख्य न्यायाधिवक्तालाई संविधान र प्रचलित प्रदेश कानूनको कार्यान्वयनको सम्बन्धमा आवश्यक सुझाब वा मार्गदर्शन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम महान्यायाधिवक्ताले दिएको सुझाव वा मार्गदर्शनको पालन गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ तर संघ र प्रदेशको सरोकार निहित रहेको विषयमा उक्त व्यवस्था लागु हुने छैन।

११. **<u>काम कारवाहीको प्रतिवेदन</u>** : (१) मुख्य न्यायाधिवक्ताले मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहतका अन्य न्यायाधिवक्ताको काम कारवाहीको वार्षिक प्रतिवेदन तोकिएको ढाँचामा प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सभामा पेश हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन महान्यायाधिवक्तालाई समेत उपलव्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रत्येक आर्थिक वर्षको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम पेश गरिने वार्षिक प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आफ्नो र मातहतका कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारवाहीको वास्तविक स्थिति चित्रण गरी आवश्यक अन्य विषय समेत उल्लेख गरी सिफारिस र सुझावहरु समेत उल्लेख गरेको हुनु पर्नेछ ।

१२. **<u>पारिश्रमिक र अन्य सुविधा</u>** : (१) मुख्य न्यायाधिवक्तालाई यस ऐनको अनुसुची-१ मा उल्लेख भए अनुसारको सुविधा प्राप्त हुनेछ । यो सुविधा नियुक्ति भएको मितिदेखि लागु हुनेछ ।

(२) मुख्य न्यायाधिवक्ता पदीय कामको सिलसिलामा दुर्घटनामा परी निजको दुर्घटना भई अंगभंग भई वा चोटपटक लागी अशक्त भएको अवस्थामा उपयुक्त उपचार खर्च तथा आर्थिक सहायता प्रदेश सरकारले दिन सक्नेछ ।

१३. **<u>लुगा भत्ता</u>** : मुख्य न्यायाधिवक्तालाई प्रत्येक वर्षको चैत्र मसान्तमा अनुसूची –१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

१४. **चाडपर्व खर्च** : (१) मुख्य न्यायाधिवक्ताले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन्।

(२) उपदफा (१) बमोजिमको रकम मुख्य न्यायाधिवक्ताले एक आर्थिक बर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन पाउनेछन्।

१५. **सहयोगी र हल्का सवारी चालक भर्ना गर्न पाउने** : मुख्य न्यायाधिवक्ताले आफू पदमा बहाल रहेसम्म निवासको कामका लागि एकजना श्रेणी बिहिन प्रथमस्तर सरहको कार्यालय सहयोगी र हल्का सवारी चालक भर्ना गर्न पाउनेछ र निजहरुको पारिश्रमिक प्रदेश सरकारले व्यहोर्नेछ।

१६. **अनुसूचीमा हेरफर** : यस ऐनको अनुसूची - १ मा तोकिएको सुविधामा हेरफेर गर्न आवश्यक भएमा खाइपाई आएको सुविधा नघटने गरी प्रदेश सरकारले अनुसूचीमा हेरफेर गरी सुविधा वृद्धि गर्न सक्नेछ।

१७. **बिदाः** मुख्य न्यायाधिवक्ताले देहायका बिदाहरु पाउनेछः-

(क) भैपरी आउने बिदा,

(ख) पर्व बिदा,

(ग) घर बिदा,

(घ) बिरामी बिदा,

(ङ) किरिया बिदा,

(च) विशेष बिदा,

(छ) प्रसुति बिदा,

(ज) प्रसुति स्याहार बिदा ।

१८. **<u>भैपरी र पर्व बिदाः</u>** (१) मुख्य न्यायाधिवक्ताले प्रत्येक वर्ष पूरा पारिश्रमिक सहितको छ दिन भैपरी आउने बिदा र छ दिन पर्व बिदा लिन पाउनेछ ।

(२) एक वर्षको भैपरी र पर्व बिदा अर्को वर्षलाई संचित गर्न पाइने छैन ।

(३) भैपरी र पर्व बिदा आधा दिन समेत लिन पाइनेछ ।

१९. **<u>घर बिदाः</u>** (१) मुख्य न्यायाधिवक्ताले काम गरेको अवधिको बाह्र दिनको एक दिनको दरले पूरा पारिश्रमिक सहितको घर बिदा पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको घर बिदा बढीमा एक सय पचास दिनसम्म संचित गरी राख्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम संचित रहेको घर बिदा वापत मुख्य न्यायाधिवक्ता पदमा नरहेमा आफूले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

२०. **<u>बिरामी बिदाः</u>** (१) मुख्य न्यायाधिवक्ताले प्रत्येक वर्ष बाह्र दिनका दरले पारिश्रमिक सहितको बिरामी बिदा पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको बिरामी बिदा नलिएमा संचित हुँदै जानेछ।

(३) उपदफा (२) बमोजिम संचित रहेको बिरामी बिदा वापत मुख्य न्यायाधिवक्ता पदमा नरहेमा आफूले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

२१. **<u>किरिया बिदाः</u>** मुख्य न्यायाधिवक्ता आफैले किरिया बस्नु पर्दा कुल धर्म वा संस्कार अनुसार बढीमा पन्ध्र दिनको पारिश्रमिक सहितको किरिया बिदा पाउनेछ ।

२२. **<u>विशेष बिदाः</u>** कुनै विशेष कारणले मुख्य न्यायाधिवक्तालाई लामो समयसम्म बिदा आवश्यक परेमा कारण उल्लेख गरी एक वर्षमा बढीमा तीस दिन खाईपाई आएको आधा पारिश्रमिक सहितको बिदा लिन सक्नेछ।

२३. **<u>प्रसूति बिदाः</u>** (१) महिला मुख्य न्यायाधिवक्ताले प्रसूतिको अघिपछि गरी अन्ठानब्बे दिन प्रसूति बिदा लिन पाउनेछ ।

(२) उपदफा (१) बमोजिम प्रसुति बिदा लिएको मुख्यन्यायाधिवक्ताले चाहेमा थप छ महिनासम्म बेतलवी प्रसूति बिदा लिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको बिदा लगातार रुपमा लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको प्रसुति बिदामा बस्ने मुख्य न्यायाधिवक्ताले पूरा तलब पाउनेछ ।

२४. **<u>प्रसूति स्याहार बिदाः</u>** (१) मुख्य न्यायाधिवक्ताको पत्नी सुत्केरी हुने भएमा त्यस्तो मुख्य न्यायाधिवक्ताले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ ।

(२) प्रसुति स्याहार बिदामा बस्ने मुख्य न्यायाधिवक्ताले पूरा तलब पाउनेछ ।

२५. **<u>बिदा दिने पदाधिकारीः</u>** (१) मुख्य न्यायाधिवक्ताले भैपरी बिदा र पर्व बिदा आफैले लिन सक्नेछ ।

तर अन्य बिदाको स्वीकृति मुख्यमन्त्रीबाट लिनु पर्नेछ ।

(२) मुख्य न्यायाधिवक्ताले बिदा बसेको जानकारी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई दिनु पर्नेछ र एकै पटक तीन

दिनभन्दा लामो समय बिदामा बस्नु परेमा मुख्यमन्त्रीको स्वीकृति लिनु पर्नेछ ।

२६. **<u>सञ्चय कोष:</u>** मुख्य न्यायाधिवक्ताको पारिश्रमिकबाट दश प्रतिशतका दरले रकम कट्टा गरी त्यस्तो रकममा प्रदेश सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरीदिनेछ ।

२७. **<u>क्षेत्राधिकार</u>** : संघीय सरकार र प्रदेश सरकार बीचमा कुनै विवाद उत्पन्न भई त्यस्तो मुद्दामा कानूनी उपचारको लागि आवश्यक जुनसुकै कार्य गर्न बहस पैरवी गर्नु परेमा वा प्रतिरक्षा गर्नु परेमा मुख्य न्यायाधिवक्ताको कार्यालयका वरिष्ठतम न्यायाधिवक्ताले प्रदेश सरकारको तर्फबाट स्वतन्त्र ढंगले कुनै अदालत वा न्यायिक निकायमा उपस्थित भई प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गर्नेछन्।

२८. **<u>शपथ</u>** : मुख्य न्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा उच्च अदालतको मुख्य न्यायाधीशसमक्ष अनुसूची-२ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

२९. **<u>नियम बनाउने अधिकार</u>** : यो ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले मुख्य न्यायाधिवक्तासँग परामर्श गरी नियम र आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

३०. **<u>आचार संहिता बनाउने अधिकार</u>** : प्रदेश सरकारले मुख्य न्यायाधिवक्ता निजको कार्यालयका अधिकृत तथा दफा ४ को उपदफा (१०) बमोजिम तोकिएको कानून व्यवसायीले पालना गर्नु पर्ने विषयमा आचार संहिता बनाई लागु गर्न सक्नेछ ।

३१. **<u>खारेजी र बचाउ</u>** : यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि मुख्य न्यायाधिवक्ताको नाममा प्रचलित कानून बमोजिम भएका काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ ।

# अनुसूची -१

## दफा १२ र १३ सँग सम्बन्धित

## मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा

| क्र.सं. | सुविधाको प्रकार | ईकाई | दर |
|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ५४,५९०।- |
| २ | विशेष भत्ता | प्रति महिना रु | १,०००।- |
| ३ | आवास सुविधा | प्रति महिना रु. | १७,९५०।- |
| ४ | आफ्नो घरमा वस्ने मुख्य न्यायाधिवक्तालाई घर सफाई तथा मर्मत सुविधा | प्रति महिना रु. | ८,९७५।- |
| ५ | विजुली, धारा, टेलिफोन | प्रति महिना रु. | १,५००।- |
| ६ | सवारी इन्धन | प्रति महिना लि. | ८० ।- |
| ७ | मोविल | त्रैमासिक लि. | ५ ।- |
| ८ | लुगा भत्ता | वार्षिक रु. | १०,०००।- |
| ९ | चाडवाड खर्च | वार्षिक रु. | एक महिनाको पारिश्रमिक बराबरको रकम |
| १० | यातायात सुविधा | प्रदेश सरकारबाट प्रदान गरिने सवारी साधन | |
| ११ | दैनिक भ्रमण भत्ता | प्रतिदिन रु. | २,०००।- |
| १२ | यात्रा बिमा | | १० लाख |
| १३ | विदेश भ्रमण भत्ता | प्रति दिन | १७५ अमेरीकी डलर |

अनुसूची- २

(दफा २८ सँग सम्बन्धित)

**<u>शपथ</u>**

म ……………… … … मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रदेश नं. ५ को मुख्य न्यायाधिवक्ता पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालन गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

………………………………

मितिः- दस्तखत

प्रमाणीकरण मितिः २०७५/०४/२८

**आज्ञाले,**

**डा. मान बहादुर वीके**

**प्रदेश सचिव**